# नेपाल पेडियाट्रीक सोसाईटी
# NEPAL PAEDIATRIC SOCIETY (NEPAS)
जि.प्र.का. काठमाण्डौ प्र.नं. १७/०४३/४४, प्यान नं. ३०१९५५३८२
Contact No: 9803594327 G.P.O. Box No. 2668, Baluwatar, Kathmandu, Nepal
Email: nepas2010@gmail.com ; office@nepas.org.np / website: www.nepas.org.np


**Ref. No.** 2025-NEP/0824-0020

मिति: २०८२ भदौ ८


**ADVISORS**
Dr. Ramesh K. Adhikari
Dr. Kulesh B. Thapa
Dr. Laxman P. Shrestha
Dr. Krishna P. Bista
Dr. R.P. Bichha

**EXECUTIVE COMMITTEE**

**President**
Dr. Arun Kumar Neopane

**Vice President**
Dr. Ram Hari Chapagain

**General Secretary**
Dr. Prakash Joshi

**Treasurer**
Dr. Keshav Agrawal

**Secretary**
Dr. Deepak Rajbhandari

**Joint-Treasurer**
Dr. Smriti Mathema

**MEMBERS**
Dr. Bimala Baniya
Dr. Biraj Parajuli
Dr. Bishow Nath Adhikari
Dr. Deepak Mishra
Dr. Love Kumar Sah
Dr. Pawana Kayastha
Dr. Sangita Shakya
Dr. Santosh Adhikari
Dr. Srijana Basnet

**INTERNATIONAL AFFILIATION**
International Pediatric Association (IPA)

Asia Pacific Pediatric Association (APPA)

South Asian Pediatric Association (SAPA)


## प्रेस विज्ञप्ति

**विषय: बालबालिकालाई स्वर्णभस्म/स्वर्णकल्प खुवाउने सरकारी अभियान सम्बन्धमा**

**नेपाल पेडियाट्रिक सोसाइटि** (NEPAS) ले बालबालिकालाई *स्वर्णभस्म / स्वर्णकल्प* खुवाउने सरकारी अभियान, "इम्युन बुस्टर" को रूपमा वितरण गर्ने बारेमा औपचारिक असहमति प्रकट गर्दछ। NEPAS ले आज (२०८२ भदौ ८ मा) जारी गरेको स्थिति-पत्र (Position Paper) अनुसार, हालसम्म उपलब्ध वैज्ञानिक प्रमाण, बाल–सुरक्षा, गुणस्तर र जोखिम तथा नियामक स्पष्टता अपर्याप्त देखिएको हुँदा शिशुहरुमा स्वर्णकल्प बाट "प्रतिरक्षा प्रणालीको वृद्धि" हुने आधारको को अभाव, Heavy Metal (Gold) सम्बन्धी जोखिम, र DDA दर्ता/ब्याच–परीक्षण सार्वजनिक नभएका कारण उपरोक्त विषयमा NEPAS को सहमति नरहेकोले वैज्ञानिक प्रमाण, बाल–सुरक्षा र नियामक पारदर्शिता नआएसम्म उक्त अभियान स्थगित (moratorium) गरी अघी नबढाउन सरकार समक्ष आग्रह गर्दछ।

**प्रमुख आधारहरू:** क्लिनिकल प्रमाणको अभाव, Gold (Heavy Metal)-Gold (gold salts वा न्यानोपार्टिकल सन्दर्भ) बाट हानिको सम्भावना स्पष्ट देखिन सक्ने, बजार सर्वेक्षणमा केही आयुर्वेदिक उत्पादनमा सिसा (Lead) / पारो (Mercury) / आर्सेनिक (Arsenic) आदी भेटिने तथ्य तथा बाल–शिशा–विषाक्तता (Lead Poisoning) का घटनाहरु पनि दर्ता भएको र औषधि व्यवस्था विभाग (DDA) को दर्ता प्रमाणपत्र नम्बर, वैधता, सङ्केत/उमेर तथा प्रयोग हुने Certificate of Analysis (COA) सार्वजनिक नभएसम्म बाल–उपयोगमा उपरोक्त पदार्थ दिन नहुने NEPAS का सम्पूर्ण सदस्यहरुको मत छ।

**नेपाल पेडियाट्रिक सोसाइटिको सिफारिस**

१. स्वर्णभस्म/स्वर्णकल्प वितरण कार्यक्रम तत्काल स्थगन गर्नू पर्ने।
२. मुलुकमा अन्य औषधी जन्य पदार्थ प्रयोगमा ल्याउनु अघी अवलम्बन गर्नुपर्ने जस्तै गरी, सम्पूर्ण प्रकृया पुगे नपुगेका सम्बन्धमा, DDA ले आफ्नो आधिकारिक धारणा तथा नियामक पारदर्शिता सार्वजनिक गर्नू पर्ने।
३. कार्यक्रमले शिशु समेट्ने भए उमेर–सुरक्षा सम्बन्धी, मह भएको कुनै पनि पदार्थ दिन मिल्ने / नमिल्ने गरी स्पष्ट उमेर चेतावनी राख्नू पर्ने।
४. यसको सार्वजनीक प्रयोग गर्नै पर्ने भएमा, प्रयोग गर्नु अघि विशेष अध्ययन अनुसन्धान पश्चात सुरक्षित छ भनि प्रमाणित भए मात्रै प्रयोग गर्ने।
५. नेपाल सरकारले स्रोत–साधन प्राथमिकताहरु जस्तै : विशेष स्तनपान, समयमै खोप, भिटामिन–ए, पखालामा जिङ्क, पोषण र WASH जस्ता प्रमाणित उपायहरूमा लगानी विस्तार गर्नु पर्ने।

**अभिभावकहरू र चिकित्सकहरूलाई सन्देश**

१. एक वर्ष (१२ महिना) मुनिका शिशुलाई मह नदिनुहोस्।
२. स्वर्णभस्म/स्वर्णकल्प को "इम्युन बुस्ट" दाबीबारे उच्च–गुणस्तरीय प्रमाण नआएसम्म कृपया सावधानी अपनाउनुस्।
३. बाल–स्वास्थ्य बलियो बनाउन विशेष स्तनपान, समयमै खोप, उचित पोषण/स्वच्छता र समयमै उपचार नै प्रमाणित उपाय हुन्।
४. यस सम्बन्धि कुनै पनि शंका भएमा वा उपरोक्त स्वर्णभष्म सेवन पश्चात कुनै प्रतिकूल असर देखिएमा आफ्नो नजिकैको बालरोग विशेषज्ञ चिकित्सकसँग तुरुन्त परामर्श लिनुहोस्।

सारांशमा एक वर्ष (१२ महिना) मुनिको उमेरका बाल बलिकाहरुमा मह निषेधित भएको पृष्ठभुमिमा तथा Gold सम्बन्धी जोखिम र नियम–प्रक्रियामा पारदर्शिता नआएसम्म यो अभियान स्थगित गर्नु उचित हुनेछ।


**मिडिया सम्पर्क**
डा. राम हरि चापागाई
Nepal Paediatric Society (NEPAS) Secretariat
E-Mail: info@nepas.org.np
Web: www.nepas.org.np



डा. अरुण कुमार न्यौपाने
अध्यक्ष
नेपाल पेडियाट्रिक सोसाइटि
बालुवाटार, काठमाण्डौ